# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## तातोपानी गाउँपालिका

## जुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## तातोपानी गाउँपालिका

### जुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## तातोपानी गाउँपालिका

जुम्ला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. : ४४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
तातोपानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जुम्ला ।

**कैफियत सहितको राय**

हामीले तातोपानी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.८ करोड ६५ लाख ४६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६७ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ५० लाख ३४ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ८३ लाख १७ हजार र पेश्की रु.१ करोड ६४ लाख ९५ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.११ करोड ५ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १९ करोड ७१ लाख रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# तातोपानी गाउँपालिका, जुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | २८३ | ८६५४५ | ० | ० | ० | ६४ | २८३ | ८६५४५ | ६७१६ | २५०३४ | ३८३१७ | ० | ० | ६३३५१ | १६४७८ |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तातोपानी गाउँपालिका जुम्ला | ११०५५५ | ० | ० | ११०५५५ | ० | ८६५४५ | १९७१०० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : तातोपानी गाउँपालिका, जुम्ला , तातोपानी गाउँपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मिलन बुढ्थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिवराज न्यौपाने | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ८६,५४४,९०२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९,०५,९१,१७७.७९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,२६,६३,००० | **चालु खर्च** | २७,६७,८९,०२० |
| **प्रदेश सरकारबाट अनुदान** | २,६२,९९,८५६ | **पूँजीगत खर्च** | ९,३६,१९,८४० |
| **राजश्व बाँडफाँट** | ७,११,४७,८५५.४६ | **वित्तीय/अन्य व्यवस्था** | ९,६८,६३,७२१ |
| **आन्तरिक आय** | ४४,७६,४९७ | | |
| **अन्य आय** | ८,५५,६६,८७९ | | |
| **कुल आय** | ४९,०१,५४,०८७.४६ | **कुल खर्च** | ४६,७२,७२,५८१ |
| **बाँकी मौज्दात** | | ११,३४,७२,६८४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>
परिचय<br>
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४० सभा सदस्य, ५२५.५६वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ६ सय ३८ जनसंख्या रहेको छ ।<br>
लेखापरीक्षणमा पेश भएसम्मको आर्थिक कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सिमित साधन र स्रोत, सूचनाको कमि, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्र्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको आधारमा सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।६।०३ मा व्यवस्थापनसँग छलफल गरी कायम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छनः-
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>
संचित कोषको आय व्यय<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु रपालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS)बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)अनुसार पालिकाको आर्थिकवर्ष२०७८।७९को स्थानीय सञ्चित कोषको आय व्यय विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><td colspan="6">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४३,९१,९७,७९५</td><td>४०,६९,९३,९३२.४६</td><td></td><td>४०,६९,९३,९३२.४६</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४३,६९,८२,७९५</td><td>४०,४५,८७,२०८.४६</td><td>०</td><td>४०,४५,८७,२०८.४६</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७,७५,७६,०००</td><td>७,११,४७,८५५.४६</td><td>०</td><td>७,११,४७,८५५.४६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १३००० अनुदान | | ३५,५०,७३,८५० | ३२,८९,६२,८५६ | ० | ३२,८९,६२,८५६ | | |
| | | | | संघीय सरकार | १२ | ३१,८६,२४,८५० | ३०,२६,६३,००० | ० | ३०,२६,६३,००० | | |
| | | | | प्रदेश सरकार | १२ | ३,६४,४९,००० | २,६२,९९,८५६ | ० | २,६२,९९,८५६ | | |
| | | | | १४००० अन्य राजस्व | | ४३,३२,९४५ | ४४,७६,४९७ | ० | ४४,७६,४९७ | | |
| | | | | ख. अन्य प्राप्ति | | २२,१५,००० | २४,०६,७२४ | | २४,०६,७२४ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | २२,१५,००० | २०,१५,००० | ० | २०,१५,००० | | |
| | | | | धरौटी | | ० | ३,९१,७२४ | ० | ३,९१,७२४ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | | ५३,७८,९३,९५२ | ३६,८१,९५,७४८ | | ३६,८१,९५,७४८ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५३,५६,७८,९५२ | ३६,६७,९८,०४६ | | ३६,६७,९८,०४६ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १३,२५,६२,००० | १२,०१,११,९८६ | ० | १२,०१,११,९८६ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,७९,०७,६२८ | ११,५२,३२,२६३ | ० | ११,५२,३२,२६३ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | २,०७,३१,००० | १,९६,२१,००० | ० | १,९६,२१,००० | | |
| | | | | २६००० अनुदान | १८ | ५१,४४,००० | ४३,७३,३६८ | ० | ४३,७३,३६८ | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | ९७,८१,००० | ३५,९४,६९० | ० | ३५,९४,६९० | | |
| | | | | २८००० अन्य खर्च | १८ | १,४८,७४,६९३ | १,०२,४४,८९९ | ० | १,०२,४४,८९९ | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,३१,७८,६३१ | ९,३६,१९,८४० | ० | ९,३६,१९,८४० | | |
| | | | | ३३००० दायित्व | १८ | १५,००,००० | ० | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | २२,१५,००० | १३,९७,७०२ | | १३,९७,७०२ |
| कोषहरु | | २२,१५,००० | १३,३०,०९५ | ० | १३,३०,०९५ |
| धरौटी | | ० | ६७,६०७ | ० | ६७,६०७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,८६,९६,१५७) | ३,८७,९८,१८४.४६ | | ३,८७,९८,१८४.४६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,०५,९१,१७७.७९ | | ९,०५,९१,१७७.७९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९,८६,९६,१५७) | १२,९३,८९,३६२.२५ | | १२,९३,८९,३६२.२५ |
| बैंक तथा नगद बाकी | २४ | | १२,९४,२०,२९०.२५ | | १२,९४,२०,२९०.२५ |

बैंक तथा नगद बाकी - सुत्र वाहिर खर्च भएको हिसाव एकीकृत वार्षिक प्रतिवेदनमा नदेखिएकोले प्रतिवेदनले देखाएको बैक मौज्दात भन्दा फरक रकम कायम गरिएको छ भने सुत्र वाहिर भएको खर्चको सम्वन्धमा प्रतिवेदनमा उल्लेख छ ।

| विनियोजन तर्फ | | | | |
|---|---|---|---|---|
| सि नं | शिर्षक | विनियोजन | खर्च | वाँकी |
| | संघिय वजेट | | | |
| १ | ३१४०१०१२३ सामाजिक सुरक्षा | ७०१७२२३२ | ७०१७२२३२ | ० |
| | प्रदेश तर्फ | | | |
| २ | ३१४०००११३ | १५०००० | १५०००० | ० |
| ३ | ३०१००१०२४ | १६३४४००० | १२२३२९२३ | ० |
| ४ | ३०१००१०२३ | १०५००० | १०५००० | ० |
| ५ | ३५००००११३ | ५००००० | ५००००० | ० |
| | जम्मा | ८७२७१२३२ | ८३१६०१५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ३७,०७,४४९.०० ले फरक देखिएको छ ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४ | | | **जिम्मेवारी फरक परेको –**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ९,४२,१९,००७। मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ८,४८,६६६। जिम्मेवारी सारेको देखियो । सो सम्बन्धमा पालिकाले गत वर्षको मौज्दात अ.ल्या. रु. ८,९७,४२,५११.७९ आम्दानी बाध्दा क्रेडिट नगद गर्नुपर्नेमा आन्तरिक आम्दानी गरेको देखिएकोले सुत्रको वित्तिय प्रतिवेदनमा ऋणात्मक देखिएको जनाएको छ र आन्तरिक राजस्व खाताबाट गत आ.ब.को अ.ल्या. रकम रु.४४,७६,४९७ गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९,३३,७०,३४१। घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ५ | | | **बैक हिसाब मिलान नगरेको** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |
| ५.२ | | | **बैक मौज्दातः** श्रेष्ता अनुसार र बैकअनुसार मौज्दात भिडान हनुपर्दछ । यस वर्ष चालु खर्च खातामा श्रेष्ता अनुसार मौज्दात रु. ८४,१२,१६६.१५ देखिएकोमा बैक अनुसार मौज्दात रु. ३,९९,०९०। देखाएको छ । श्रेष्ता भन्दा बैंक मौज्दात रु. ८०,१३,०७६.१५ घटि मौ ज्दात रहेकोले छानबिन गरी हिसाब-मिलान गर्नुपर्ने रु. | ८,०१३,०७६ |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | |

ऋम ५.१ को तालिका:

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरिक अनुदान खाता | १,१३,१६,१०२ | १३३१६१०२ | -२०००००० |
| २ | चालु खर्च खाता | ८४,१२,१६६.१५ | ३९९०९०.१५ | ८०१३०७६ |
| ३ | पूँजिगत खर्च खाता | १,१४,२३,३८३ | १३५३३१७२ | -२१०९७८९ |
| ४ | विविध खर्च खाता | ४,२५,००० | ७३६७२५.५ | -३११७२५.५ |
| ५ | स्थानीय तह धरौटी खाता | १२,०३,७११ | १२६९७०१.४८ | -७५९९०.४८ |
| ६ | स्थानीय तह सञ्चित कोष खाता | ८,५९,४८,४६२.१० | ८५७५६५८४.४७ | १९१८७७.६३ |
| ७ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २,५९,९०५ | २५९९०५ | ० |
| | | ११८९८८७२९ | ११५२७१२८१ | ३७०७४४९ |

ऋम ५.२ को तालिका:

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ५.२.१ | तातोपानी गाउँपालिका | ८०,१३,०७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान नभएको अवस्था छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार जिन्सी लगत व्यवस्थित गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन । कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी तोकी सहायक खाता व्यवस्थित गरेको पाईएन । मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ८ | | | **वजेट कार्यान्वयन** | |
| ८.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री गगांदेवी उपाध्ययनले मिति २०७८।३।३० गते रु. ४१ करोड ३३ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।३०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८.३ | | | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले आर्थिक वर्ष २०७७/७८ को पुरानो भुक्तानी गर्न बाँकि रकम यस वर्ष रु. ५,००,०००। भुक्तानी गरेको छ । भुक्तानी गर्न नपुग भएको रकम सोही समयमा प्रमाणित गरी नराखेको साथै सम्बन्धीत वर्षमा भुक्तानी गर्न रकम नपुग भएको आधार प्रमाण बेगर भुक्तानी गरेकोले अनियमित देखएको रु. | ५००,००० |
| ८.४ | | | **स्थानीय तथ्याङ्क,** अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.५ | | | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष रु. ७ करोड १५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मिति को निर्णयबाट चालु तथा पुजीगततर्फ शीर्षकहरुमा वाँडफाडँ गरी खर्च गरेको छ । गाउँपालिकाको कुल समानिकरण तथा राजस्व बाँडफाड बजेट रु. १९ करोड ३६ लाख मध्ये रु. ७ करोड १५ लाख अर्थात ३६.९३ प्रतिशत बजेट अबण्डमा राखी कार्यपालिकाको पटके निर्णयबाट खर्च गरेको छ । यसरी कानून वमोजिम गाउँ सभवाट बजेट पारित गर्नुपर्नेमा एकमुष्ट रकम तोकी अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुको नाममा कार्यक्रम छुट्टयाई कार्यपालिकावाट कार्यसम्पन्न पछि निर्णय गराएको देखिएकोले यस्तो प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| सि नं | शिर्षक | रकम |
|---|---|---|
| १ | वडा नं १ देखि ८ सम्मलाई | ५ करोड ६० लाख |
| २ | अध्यक्ष तथा उपाध्यक्ष कार्यक्रम | १ करोड ५५ लाख |
| | जम्मा | ७ करोड १५ लाख |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.६</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>५९१५३४५०</td><td>४२५९००८</td><td>१.३१%</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>८०२११४७४</td><td>३९०६१३३८</td><td>११.९७%</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१४७४९२०००</td><td>१०२७५८९०८</td><td>३१.४९%</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>४५४९०००</td><td>२४७०८४</td><td>०.०८%</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>२४४२६४५२१</td><td>१७९९४७९५१</td><td>५५.१५%</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५३५६७०४४५</td><td>३२६२७४२८९</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिक मा सबैभन्दा बढी ५५.१५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०.०८ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>८.७</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।श</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.८</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.स.स</th><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>२७३१७८२०६</td><td>५८१७०२७६</td><td>८०४६८६०३</td><td>१३४५३९३२७</td><td>१०५४५२१३०</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>९३६१९८४०</td><td>२४४६६३१</td><td>२०४६४०६९</td><td>७०७०९१४०</td><td>४५४९४४६४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३६६७९८०४६</td><td>६०६१६९०७</td><td>१००९३२६७२</td><td>२०५२४८४६७</td><td>१५०९४६५९४</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>१६.५२</td><td>२७.५२</td><td>५५.९६</td><td>४१.१५</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३६,६७,९८,०४६। निकासा भएकोमा प्रथम चौमासिकमा १६.५२ प्रतिशत, दोश्रो चौमासिकमा २७.५२ प्रतिशत र तेश्रो चौमासिकमा ५५.९६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १५,०९,४६,५९४। अर्थात ४१.१५ प्रतिशत खर्च देखिनुले नगद प्रवाह सन्तुलित देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>संगठन तथा कर्मचारी ब्यवस्थापन</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित ४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ७९ जना कर्मचारीहरु करारमा राखि रु. १०४६९७६४। खर्च लेखेको छ । सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेकको विभिन्न पदमा ५३ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ५८,१३,७०४। भुक्तानी गरेको अनियमित रु. | ५,८१३,७०४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>सेवा प्रवाह<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br>
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td></td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>३६१</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>११६</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२१</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१८६</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td></td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>१७</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>४</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>७</td><td>३४</td><td>७६</td><td>३४</td><td>१६</td><td>१६७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि १ करोड सम्मका जम्मा १६७ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको ७ गरी कुल १० विवाद दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>विविध खर्च तथा आर्थिक सहायता</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>खाना तथा विविध खर्चः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३०९६५६२। खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष रु. १४२६०६८। आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **वितरणमुखी कार्यः**<br>२०९–०७८।११।१८ स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दिर्घकालिन योजना बनाएर गर्नुपर्दछ । पालिकाले जनतासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत रु. ६२३९८६। मा ५०२ वटा ब्लाङ्केट खरिद गरी वृद्ध/वृद्धाहरुलाई वितरण गरेको छ । दिर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नका साथै रोजगारी, उत्पादन तथा आन्तनिर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ । | |
| १५ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.३२२००००।०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुगमन समयन्त्र बनाई रकमको प्रभावकारी पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १६ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०,१४,११,२८६। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १७ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।ऐनको उक्त व्यवस्था अनुसार पालिकाले आन्तरिक लेखापरीक्षण शाखा स्थापना गरी एक जना आन्तरिक लेखापरीक्षक समेत व्यवस्था गरी तलब भत्तामा रु.५३२८९१। खर्च लेखेको छ । व्यवास्थापनले आन्तरिक लेखापरीक्षण नभएको संबन्धमा कुनै कारण उल्लेख गरेको छैन । दरबन्दि अनुसार कर्मचारीको व्यवस्था समेत भइसकेको अवस्थामा आन्तरिक लेखापरीक्षण नगराई खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाई आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाई आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ३३,२६,६१३। राजस्व बाँडफाँड र अनुदानबाट रु. ४०,४०,७०,७०३। समेत रु. ४०,७३,९७,३१६। आम्दानी भएकोमा चालु तर्फ रु. २७,६७,८९,०२०। र पूँजिगत तर्फ रु. १०,१४,११,२८६। समेत रु. ३७,८२,००,३०६। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु. ४७,०४,०००। खर्च भएको छ जुन आन्तरिक आयको १४१.४१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.९४ प्रतिशत चालु र २४.८९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>अनुदान फिर्ता<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रकम मध्पे शिक्षातर्फको रु.७८,६३,३६०।०० सुत्र बाहिर गई भुक्तानी भएको वाहेक रु. १,३५,१५,९६१।०० संघिय र प्रदेश सञ्चित कोषमा दाखिला गरेको भौचर पेश भएको छ ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त चालु</td><td>१७४३६२६६४</td><td>१५७३३१९१८</td><td>१७०३०७४६</td></tr>
<tr><td></td><td>शसर्तपुजीगत</td><td>२४९३३३३४</td><td>२२३२८९७३</td><td>२६०४३६१</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त चालु</td><td>११०५३१६६</td><td>९४१०८१९</td><td>१६४२३४७</td></tr>
<tr><td></td><td>विषेश</td><td>१९९७५९०</td><td>१८९५७२३</td><td>१०१८६७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१२३४६७५४</td><td>१९०९६७४३३</td><td>२१३७९३२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td>7</td><td>२०७८-८-२२</td><td>तालिम संचालन<br>पालिकाले तालिम संचालन गर्दा पालिकाले निर्माण गरेको निर्देशिका वा अर्थमन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम तालिम संचालन गर्नुपर्दछ । पालिकाले ICT Orientation for headteacher को लागि ३ दिने ICT सम्वन्धि तालिम संचालन गर्न रु.४ लाख खर्च गरेकोमा उक्त कार्यक्रममा २८ जना उपस्थित रहेकोमा उक्त खर्च निर्देशिकाले तोकेको भन्दा वढी भुक्तानी भएको देखिएकोले उक्त रकम कार्यक्रम संचालक सुरत वहादुर शाहीवाट असूल हुनुपर्ने रु
<table>
<tr><th>सिनं</th><th>शिर्षक</th><th>खर्च रकम</th><th>कैफियत</th><th>कर बाहेक वढी भुक्तानी</th><th></th><th></th></tr>
<tr><td>१</td><td>अनुगमन भत्ता</td><td>१२५००</td><td>अनुगमन खर्च पाउने नदेखिएको</td><td>१०६२५</td><td></td><td></td></tr>
<tr><td>२</td><td>प्रशिक्षक</td><td>३७५००</td><td>३ दिने तालिममा अधिक्तम १२ शेसन मात्र संचालन हुनेमा १५ शेसनको भुक्तानी भएकोले ३</td><td>६३७५</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>प्रति शेसन कार्यालय वाहिरको प्रशिक्षक भएमा कार्यपत्र वापत १००० र कक्षा वापत ८०० गरि १८०० तथा कार्यलयका कर्मचारीले कक्षा</td><td>१३६</td><td></td><td></td></tr>
</table></td><td>२१०,५२६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | लिए वापत नपाउने तथा कार्यपत्र वापत मात्र पाउने उललेख भए अनुसार १ जना प्रशिक्षक वाहिरको ३ सेशन लिएको र वाँकी आन्तरिक प्रशिक्षक भएकोले कार्यपत्र वापत मात्र पाउने उल्लेख भए अनुसार कुल रु १४०००।०० भुक्तानी हुनुपर्नेमा रु ३००००।०० भुक्तानी भएकोले वढी भुक्तानी रु १६००० असूल हुनुपर्ने | ०० | | | | |
| | | | | ३ | सहायक कर्मचारी | ६००० | सहायक कर्मचारीलाई रु ३०० ले २ जनालाई ३ दिनको रु १८०० भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी | ३५७० | | | | |
| | | | | ४ | पत्रकारलाई भत्ता | ४००० | नपाउने देखिएको | ३४०० | | | | |
| | | | | ५ | खाजा भत्ता | ९३४९६ | २८ जनालाई ३ दिनको २०० ले रु १६८००।०० खर्च लेख्नुपर्नेमा वढी खर्च लेखेको रु | ७६६९६ | | | | |
| | | | | ६ | ल्यापट | ४५ | प्रत्येक कर्मचारीले पालिकावाट ल्यापटप वुझेकोले ल्यापटप भाडा लिन मिल्ने नदेखिएको | ४५००० | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पभाडा ०००<br>७ स्टेशनरी ५६५६० २८ जना सहभागी भएको तालिममा प्रति सहभागी रु १०० ले २८०० तथा तालिम संचालन वापत रु २५०० गरि कुल रु५३००।०० खर्च लेख्नुपर्नेमा वढी भुक्तानी ५१२६०<br>जम्मा २१०५२६ | |
| ४१ | | | **समानिकरण चालु शिक्षाः**<br>पालिकाले शैक्षिक निति निर्माण गर्न शैक्षिक सरोकारवालालाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने सहायक पाँचौ सुरत बहादुर शाहीले पेश्की मार्फत संचालन गरेको कार्यक्रममा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ४१.१ | | | **टाइप खर्चः** किताव छपाईको लागि टाइपिङ खर्च गर्दा सोको प्रति प्रिष्ट टाइप गरेको आधारमा भुक्तानी गर्नुपर्दछ । सरोकारवालाईसँग छलफल गरि तयार भएको शैक्षिक नीति टाइपिङ गरेवापत २ जनालाई ७५०० का दरले रु १५०००।०० तथा भुक्तानी गरेकोमा उक्त निर्देशिका के कति प्रिष्टको हो एकिन नगरेको तथा लेखापरिक्षणमा पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १५,००० |
| ४१.२ | | | **छपाइ तथा ढुवानी खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) वमोजिम विल भर्पाई सहित लेखा राख्नुपर्दछ । पालिकाले शैक्षिक सरोकारवालाईसँग छलफल गरि तयार भएको शैक्षिक नीति कार्यपालिकावाट पारित नभएको भनि लेखापरीक्षण अवधि सम्म नछपाएको अवस्थामा सिम्पल इन्टेलिजेन्स सिस्टमको विल पेश गरी रु. ३६,०००।००, ढुवानी विल वापत रु. ९,०००।०० तथा पेट्रोल ७७ लिटरको रु.१५,४००।०० गरि कुल रु. ४५,०००।०० पेश्की फछ्र्यौट गर्न नभएको कामको भुक्तानी लिने कर्मचारी सहायक पाँचौ सुरत वहादुर शाहीलाई कारबाही गरि अर्च रकम व्याज समेत हिसाब गरी असुल गर्नुपर्ने रु. | ६०,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.३ | | | **खाना/खाजा खर्चः** अर्थमन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम तालिममा खाजा वापत दैनिक रु.३००।०० का दरले खर्च लेख्न सकिने उल्लेख छ । १५ जना सरोकारवाला सहभागि भएको कार्यशाला ८ दिन संचालन भए अनुसार संचालक समेत १७ जना सम्म सहभागीलाई हिसाव गर्दा १३६ सेट खाजाको रु ४०८००।०० खर्च लेख्नुपर्नेमा रु ६००००।०० खर्च लेखेकोले वढी भुक्तानि भएको रकम असूल गर्नुपर्ने रु. | १९,२०० |
| ४१.४ | | | **स्टेशनरी खर्चः** अर्थमन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम तालिम वा कार्यशालामा स्टेशनरी वापत प्रति सहभागी रु. १०० का दरले तथा संचालनको लागि एकमुष्ट रु. २,५००। खर्च गर्नुपर्ने उल्लेख छ । उक्त तालिममा १५ जना सहभागी रहेकोले रु. ४,०००।०० मात्र खर्च लेख्नुपर्नेमा रु.२१,६००।०० खर्च गरेकोले वढी खर्च भएको रकम असूल हुनुपर्ने रु. | १७,००० |
| ४२ | | | **सशर्त कार्यक्रमतर्फ -शिक्षातर्फ** | |
| ४२.१ | ९५ | २०७९-२-९ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्विन पुस्तीकामा कक्षा ८ को परिक्षा संचालन तथा प्रमाणिकरणको लागि प्रतिविधार्थी वार्षिक रु २५० उपलब्ध गराउनुपर्ने व्यवस्था छ । तातोपानी गाउँपालिका अन्तर्गत कक्षा ८ मा अध्यन गर्ने विद्यार्थीको संख्या IEMIS रेकर्ड अनुसार ४१८ विद्यार्थि भएकोमा सुरत बहादुर शाहीले ५०० जना विद्यार्थिको परिक्षा संचालनको लागि पेश्की लिएकोमा ८२ जनाको वढी खर्च लेखेकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | २०,५०० |
| ४२.२ | | | दिवा खाजाः- (भौ नं ००) कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २००७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. २० का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई अधावधिक नगरी एवम कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग हाजिर भिडान नगरी दिवा खाजा व्यवस्थापन वापत रु ७६ लाख २२ हजार ३ सय ६० निकासा गरेको छ । EMIS अधावधिक, नभएको र दैनिक हाजिरी एवम खर्चको विल भरपाई समेत पेश भएको छैन । अतः गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु. | ७,६२२,३६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२.३</td><td></td><td></td><td>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वित पुस्तीकाको खण्ड १(१.३) आर्थिक अनुशासन तथा वित्तिय प्रतिवेदन(छ) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली विद्यालय खरिद दिग्दर्शन र विद्यालय लेखाङ्कन दिग्दर्शनको आधारमा गर्ने र सोको अनुगमन स्थानीय निकायले गर्नु पर्ने व्यवस्था छ । विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत दिईएको तपसिल बमोजिमको अनुदान उपयोग को सम्बन्धमा अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिबेदन बिल भरपाई सहित पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र सं</th><th>विद्यालयको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कालिका मावि टोप्ला</td><td>ICT lab</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>हिमशिखर मावि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>दुर्गा मावि मधु</td><td>पुस्तकालय स्थापना</td><td>६५००००</td></tr>
</table></td><td>१,९५०,०००</td></tr>
<tr><td>४२.४</td><td>१६३</td><td>२०७९-३-१६</td><td>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा तालिममा सहभागी भत्ता रु ७०० सम्म दिन सकिने व्यवस्था छ । MIS अपरेटर श्री गोकर्ण पाण्डेले अनलाईन घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली (VERSP MIS) सम्बन्धित ४ दिने तालिम संचालन गर्दा सहभागी हुने सहभागीहरुलाई दैनिक भत्ता रु ७०० को दरले जम्मा रु ८३३०० खर्च लेख्नुपर्नेमा रु १००० को दरल जम्मा रु ११९००० खर्च लेखेकोले नर्म्स भन्दा वढी भुक्तानी भएको कर बाहेकको रकम असूल गर्नुपर्ने रु</td><td>३०,३४५</td></tr>
<tr><td>४२.५</td><td></td><td></td><td>प्राविधिक ग्रेडः सर्वोच्च अदालतको फैसला वमोजिम २०५७ अगाडि नियुक्त भएका प्राविधिक धारका कर्मचारी तथा शिक्षकहरुले २ प्राविधिक ग्रेड पाउने व्यवस्था छ । पालिकाले ५ वर्षदेखि प्राविधि ग्रेड छुट भएका शिक्षकहरुको प्राविधिक ग्रेड वापतको सुविधा भुक्तानी गर्दा देहायबमोजिमका शिक्षकको तोकिएको ग्रेड रकम भन्दा बढी दिएको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>असुल गर्ने रकम</th></tr>
<tr><td>१</td><td>दुर्गा मा वि लाम्रा</td><td>रामाशिस कुमार चौधरी</td><td>७२९०</td></tr>
<tr><td>२</td><td>सुन्दरमणि आ. वि. डांगिबाडा</td><td>शेर बहादुर बुढा</td><td>३८६८४</td></tr>
<tr><td>३</td><td>सुन्दरमणि आ. वि. डांगिबाडा</td><td>बल बहादुर रावल</td><td>२५३७८</td></tr>
<tr><td>४</td><td>कालिका आ. वि. लिताकोट</td><td>ऋषिचन्द उपाध्याय</td><td>२५३७८</td></tr>
<tr><td>५</td><td>कालिका आ. वि. लिताकोट</td><td>धर्म कृष्ण उपाध्याय</td><td>२५३७८</td></tr>
</table></td><td>३७१,८९७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६ | मष्टा आ. वि. नियापानी | राकृष्ण उपाध्याय | २१३८७ | | |
| | | | | ७ | मालिका आ. वि. गौतमबाडा | खड्ग बहादुर स्वार | २५३७८ | | |
| | | | | ८ | मालिका आ. वि गौतमबाडा | कमला गौतम | २५३७८ | | |
| | | | | ९ | मालिका आ. वि गौतमबाडा | धनकृष्णा पाण्डे | २५३७८ | | |
| | | | | १० | कालिका मा वि टोप्ला | नर बहादुर रावत | २५३७८ | | |
| | | | | ११ | जनतासेवक आ. वि वंतडी | उपेन्द्र बहादुर शाही | २५३७८ | | |
| | | | | १२ | भगवती आ. वि धौलापानी | लाल प्रसाद चौलागाइ | २५३७८ | | |
| | | | | १३ | कालिका आ. वि श्रीनगर | यादव बहादुर थापा | २५३७८ | | |
| | | | | १४ | कालिका आ. वि हियाखोला | पूणचन्द्र चौलागाइ | २५३७८ | | |
| | | | | १५ | त्रिवेणी बालज्योती आ. वि हांकु | कृष्ण प्रसाद देवकोटा | २५३७८ | | |
| | | | | | | कुल जम्मा | ३७१८९७ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | २४ | २०७९-३-२५ | **कार्य सम्पन्न नभई भुक्तानीः**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ को ८।२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३०, ५० र २० प्रतिशत निकासा दिनुपर्ने र अषाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरि कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविध कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगती अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च.नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निर्माण कार्यको प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको उक्त रकम ८।२ को बुदा ६ अनुसार निर्माण सम्पन्न पश्चातको नाप अनुसार तयार भएको कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने र | १०,०४०,००० |

| सि नं | विद्यालयको नाम | विवरण | निकासा रकम |
|---|---|---|---|
| १ | नेत्रज्योती मा वि हाँकु | नमुना विद्यालय | ५०००००० |
| २ | गणेश आ वि रंक | २ कोठे भवन | १२६०००० |
| ३ | नवइदेवी आधारभुत विद्यालय वुद्धवावा | २ कोठे भवन | १२६०००० |
| ४ | सुर्योदय आधारभुत विद्यालय | २ कोठे भवन | १२६०००० |
| | कालिका आ वि श्रीनगर | ३ कोठे भवन | १२६०००० |
| | जम्मा | | १००४०००० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४३.१ | | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **औषधी खरिद**<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. १३,७५,७२५ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४५ | | | **गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमः** | |
| ४५.१ | | | **उत्पादित सामानः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयको अभिलेख नमुना परीक्षण गर्दा कार्यालयले MEDPA कार्यक्रम अन्तर्गत वस्तु तथा सामान उत्पादन हुने तालिम संचालन गरी उत्पादन भएको सामानको विवरण राखेको छैन । समान विक्री गरी राजश्व दाखिला गर्नुपर्नेमा सो नदेखिएकोले सामानको वास्तविक अवस्था सम्बन्धी प्रमाण पेश गर्नुपर्ने रु.<br><table><tr><td>भौनं</td><td>तालिमको नाम</td><td>लागत अनुमान रकम</td><td>कच्चा पदार्थ / परिणाम (मुख्य रुपमा प्रयोगमा आएको)</td><td>कच्चा पदार्थको मूल्य</td><td>कच्चा पदार्थ परल मूल्यको ५०%</td></tr><tr><td>२७०-०७९।०३।२६</td><td>४५ दिने सिलाई कटाई तालिम</td><td>लागत अनुमान तयार नगरेको</td><td>कपडा, धागो तथा अन्य कच्चा पदार्थ एकमुष्ठ</td><td>७०६२५</td><td>३५३१२</td></tr></table> | ३५,३१२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५.२</td><td></td><td></td><td>प्रविधि हस्तान्तरणः गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु. २,३७,९७८। को २६ पिस सिलाई मेशिन खरिद गरी २२ जनालाई मात्र प्रविधि स्वरुप उपलब्ध गराएको विवरण पेश भएको छ । साथै खरिद कार्यका लागि पेश्की लिई श्री हरिसिँह नेपालीले आपूर्तिकर्तालाई पुरै रकम भुक्तानी दिएको देखिएकोले २२ वटा मेशिन खरिदको २० प्रतिशत रकम रु. ४०,२७३। र वितरण नगरेको बाकी ४ वटा मेशिनको रु. ३६,६१२। समेत रु. ७६,८८५। असुल हुनुपर्ने रु.</td><td>७६,८८५</td></tr>
<tr><td>४५.३</td><td></td><td></td><td>चल्ला खरिदः गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा प्रविधि हस्तान्तरण भन्नाले व्यवसाय संचालन विस्तार तथा स्तरोन्नती गर्नको लागि आवश्यक पर्ने उपकरण वा मेशिन उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाको कर्मचाले प्रविधि हस्तान्तरणका लागि मेशिन उपकरण खरिद नगरी रु १,८०,१००। को कुखुरा चल्ला खरिद गरी भुक्तानी दिएको छ । कुखुरा वितरण गरेको भरपाई समेत संलग्न गरेको छैन । यसरी प्रविधिको रुपमा मेशिन तथा औजार खरिद गर्नुपर्नेमा कुखुरा खरिद गरेकोले भुक्तानी दिन नमिल्ने देखिएकोले उक्त रकम असूल गर्नुपर्ने रु.</td><td>१८०,१००</td></tr>
<tr><td>४५.४</td><td>270</td><td>२०७९-३-२६</td><td>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा सीप विकास तालिम संचालन गर्दा आवधिक रुपमा प्रशिक्षक राख्दा मासिक १०,०००। को दरले मुख्य प्रशिक्षकलाई पारिश्रमिक उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ७ र ८ मा संचालन गरेको ४५ दिने सिलाईकटाई तालिमको लागि ३ जना प्रशिक्षकको लागि मासिक रु २८७५० को दरले भुक्तानी गरेको छ । प्रशिक्षकसँग भएको सम्झौता पेश नभएको तथा स्वीकृत दर भन्दा वढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>प्रशिक्षकको नाम</th><th>अवधि</th><th>मासिक दिनुपर्ने</th><th>मासिक दिएको</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>निर्मता रावत</td><td>१.५ महिना</td><td>१००००</td><td>२८७५०</td><td>२८१२५</td></tr>
<tr><td>२</td><td>विष्णुमाया रावत</td><td>१.५ महिना</td><td>१००००</td><td>२८७५०</td><td>२८१२५</td></tr>
<tr><td>३</td><td>प्रेम कुमारी सिहँ</td><td>१.५ महिना</td><td>१००००</td><td>२८७५०</td><td>२८१२५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>८४३७५</td></tr>
</table></td><td>८४,३७५</td></tr>
<tr><td>४५.५</td><td>२७०</td><td>२०७९-३-२६</td><td>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा तालिमको उद्घाटन समापनमा उपस्थित लाई प्रतिव्यक्ति २०० को खाजा खुवाउन सक्ने व्यवस्था छ । पालिकाले वडा नं ७ र ८ मा संचालन गरेको ४५ दिने सिलाईकटाई तालिमको समापन कार्यक्रममा उपस्थित भएवापत उपस्थि कर्मचारी/पदाधिकारीलाई खाना वापतको रकम प्रतिव्यक्ति रु. २,०००। उपलब्ध गराएको छ । वढी उपलब्ध गराएको निम्न अनुसार रकम असूल गर्नुपर्ने रु.</td><td>२३,४००</td></tr>
</table>


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**विरुवाको खरिद**

साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन शिर्षकबाट अनुदान पाउने फर्मले निम्न अनुसार जिल्ला दररेट भन्दा वढी मूल्यमा ओखरको बिरुवा खरिद गरेको बिल संलग्न गरी भुक्तानी दिएको देखिएकोले वढी रकम असूल गर्नुपर्ने रु.

<table>
<tr><th>भौ नं</th><th>फर्मको नाम</th><th>खरिद सं</th><th>खरिद दर</th><th>जिल्ला दररेट</th><th>प्रति विरुवा रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१५२</td><td>दाजुभाई कृषि समुह</td><td>३००</td><td>९००</td><td>७००</td><td>२००</td><td>६००००</td></tr>
<tr><td>१५३</td><td>कलिका फलफुल समुह</td><td>४०५</td><td>७१०</td><td>७००</td><td>१०</td><td>४०५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>६४०५०</td></tr>
</table>

</td><td>६४,०५०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**विउँ वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपार्इ, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । स्वीकृत दर अनुसार खरिद गर्नुपर्नेमा रैथाने बालि प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिकाले विभिन्न फर्मबाट कृषि बालिको बिउँ तथा सामाग्री खरिद गरेकोमा उक्त सामाग्री वितरण भरपाई संलग्न नगरेको रु .

<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>सप्लायर्स (फर्म)</th><th>खरिद सामान</th><th>रकम</th></tr>
<tr><td>१५४ -०७९।३।१५</td><td>राजेन्द्र एण्ड रक्तिम सप्लायर्स</td><td>पावर ट्रिलर १,थ्रेसर १, सिडविन ४७, कम्बाईन मिल २, निपाल ४४</td><td>३९९७००</td></tr>
<tr><td>१५३-०७९।३।१५</td><td>द्यौलीगाड कृषि सहकारी संस्था लिमिटेड</td><td>बिउँ केजि (सिमि ९५०,फापर ९८५,चिनो ४०, कागुनो १०,लट्टे ५)</td><td>३४४५५०</td></tr>
<tr><td>१५०-०७९।३।१४</td><td>धिताल एग्रोभेट सेन्टर</td><td>मल</td><td>९९०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८४३२५०</td></tr>
</table>

</td><td>८४३,२५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>पकेट विकास कार्यक्रम<br>आ व ०७७।०७८ मा स्थापना भएका कृषि तर्फ साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता को लागि अनुदान पाउने फर्मले पालिका सँग गरेको सम्झौतामा परियोजना निर्माण कार्यमा लागेको खर्चको विवरण सार्वजनिक सुनुवाई गर्नुपर्ने, परियोजना निर्माण कार्य सुरु हुनुभन्दा पूर्व, संचालन हुँदै गरेको र सम्पन्न भई सकेपछिको फोटो अन्तिम भुक्तानीको समयमा बिल भरपाईको साथमा अनिवार्य पेश गर्नुपर्ने व्यवस्था छ । तर फर्मले फोटो सार्वजनिक सुनवाईको कागजात पेश नगरी बिल पेश गरेको आधारमा भुक्तानी गरेकोले कार्यालयले कार्यक्रम समापन भएको प्रमणित हुने कागजात पेश गर्नुपर्ने रु
<table>
<tr><td>भौ नं</td><td>सप्लायर्स (फर्म)</td><td>खरिद सामान</td><td>रकम</td></tr>
<tr><td>१७५ -०७९।३।१७</td><td>खस भुमी केन्द्र</td><td>स्याउ पकेट</td><td>२५००००</td></tr>
<tr><td>१७४ -०७९।३।१७</td><td>धुपिरुख सेलार स्टोर समुह</td><td>ओखर पकेट</td><td>३१००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५६००००</td></tr>
</table></td><td>५६०,०००</td></tr>
<tr><td>४९</td><td>१८४</td><td>२०७९-३-१९</td><td>फर्मको भुक्तानीः<br>परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम संचालनको लागि पालिकाले मिति २०७९।०१।०९ गते सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) सँग सम्झौता गरेकोमा उक्त संस्थाले कार्यक्रम सम्पन्न गरेको दिन पेश नगरी कृयाकलापगत खर्चको बिल पेशगरी व्यक्तीको नाममा चेक जारी गरेको छ । संम्झौता अनुसार सम्बन्धित संस्थाबाट बिल पेश भई संस्थाको नाममा जम्मा हुनुपर्ने रकम लाल प्रसाद न्यौपानेको नाममा भुक्तानी गरेको छ । फर्म सँग सम्झौता गरी व्यक्तिलाई भुक्तानी दिन नमिल्ने रु</td><td>३८४,०००</td></tr>
<tr><td>५०</td><td>१६७</td><td>२०७९-३-१६</td><td>पंजिकरण<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ मा मौजुदा सुचीमा रहेका परामर्शदाताबाट प्रस्ताव माग गरी परामर्श सेवा लिन सकिने व्यवस्था छ । पालिकाले आफ्नै जनशक्ति (स्थानीय पञ्जिकाधिकारी) बाट गर्नुपर्ने घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता जस्ता कार्यका लागि समेत गौरी एण्ड जनरल सप्लायर्ससँग २०७८/१२/२० मा सम्झौता गरी कार्यक्रम संचालन गरेको छ । उक्त सप्लायर्स इजाजत नपाएको संस्थाबाट सरकारी कामकाज संचालन गरेको नियमसम्मत नदेखिएको सो काम गर्ने गरी दर्ता भएको इजाजत संलग्न गरेको नदेखिएको कार्यलयकै जनशक्तिवाट गराउनुपर्ने कार्य अन्य संस्थसँग कार्य गराई थप व्ययभार पारेको रकम निर्णयकर्ताबाट असूल हुनुपर्ने रु</td><td>३३६,७४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **होजियारी**<br>मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्मबन्धमा परिच्छेदमा उल्लेखित दर अनुसार भुक्तानी गर्नुपर्ने र उल्लेखित दरभन्दा अधिक दरमा खर्च गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र गर्नुपर्ने व्यवस्था छ । जनतासङ्ग अध्यक्ष कार्यक्रमको नेटिङ्ग मेशिनबाट होजियारी स्वीटर वुनाई कार्यक्रम वडा नं ६ हियाखोलामा नेपाल सरकारबाट अनुदान प्राप्त रकमबाट श्रोत व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गरेको छ । सिप विकास तालिमको लागि बाहिरी स्रोत व्यक्तीको हकमा प्रशिक्षक र सहायक प्रशिक्षक गरी ३० कार्य दिन भन्दा बढी समयको सिपमुलक तालिमको लागि मुख्य प्रशिक्षकलाई रु.१००००।०० तथा सहायक प्रशिक्षकलाई मासिक रु.७,०००।०० भुक्तानी दिन सक्ने उल्लेख भए वमोजिम होजियारी तालिममा मासिक रु.१७ हजार प्रशिक्षक पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा पालिकाले होजियारी स्वीटर वुनाई कार्यक्रमको रामप्रसाद छत्कुरीलाई मासिक रु. ६०,०००। का दरले भुक्तानी हुने गरी ६ महिनाको करार सम्झौता गरेको छ । निर्देशिकमा तोकिएको दरभन्दा रु. ४३,०००। का दरले ६ महिनामा रु. २,१९,३००। (कर कट्टि पछि) भुक्तानी भएको असुल गर्नुपर्ने रु. | २१९,३०० |
| ५२ | | | **हिमाखोला लिफ्ट सिंचाई**<br>२५९-०७९।३।२५ गाउँपालिकाले हिमाखोला लिफ्ठ सिंचाई आयोजना संचालन गर्न कुल लागत अनुमान रु.१,०१,६९,०९३।०० भएको आयोजनामा सोलार लिफ्टिङमा रु.९१,९८,६६०।०० र सिभिल वर्कमा रु.९,७०,४३३।९९ मध्ये २० प्रतिशत अर्थात रु.१,९४,०८६।०० उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन । | |
| ५२.१ | | | • सार्वजनिक खरिद नियमावली, २०६४ नियम ३१(१) अनुसार रु.२० लाख माथि को निर्माण बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । आयोजना निर्माण गर्न उपभोक्ता समितिले मालिका कम्प्यूटर एण्ड जनरल अर्डर सप्लायर्ससँग मार्फत कार्य संचालन गर्दा लिफ्ट सम्वन्धि सामग्री सिधै खरिद खरिद गरि रु.८५,२५,२९३.०० भुक्तानी गरेको देखिएकोले खरिद प्रकृया नियम सम्मत देखिएन ।<br>• सिभिल कार्यको २० प्रतिशत उपभोक्ता समितिले तिर्ने गरि भएको सम्झौता अनुसार कुल लागत रु. १,०१,६९,०९३।०० को रु.१,९४,०८६।०० अर्थात समग्रमा १.९१ प्रतिशत मात्र उपभोक्ताले व्यहोर्ने गरि सम्झौता भएकोमा उक्त कार्य रु.८९१०८५३।०० मा सम्पन्न भएकोमा समितिले रु.७७११२।०० योगदान भएको देखिएकोले ०.८७ प्रतिशत उपभोक्ताले व्योहोरेको देखिन्छ । यसरी उपभोक्ताको न्यून लागत सहभागिता भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गरेको नियम सम्मत देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.२ | | | **नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट लिफ्ट सिंचाइको लागि मालिका कम्प्यूटर एण्ड जनरल अर्डर सप्लायर्सलाई मू.अ.कर रु.५९६२९८.०० समेत रु.८०४२९१२.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई मिति २०७८ फाल्गुण महिनादेखी नन्फाईलर रहेको देखिएकोले उक्त रकम सम्बन्धित राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु. | ५९६,२९८ |
| ५२.३ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७क (९) अनुसार लागत अनुमान अनुसार श्रमिकको लागत भार ५० प्रतिशत भन्दा कम तथा मेसिन औजारको लागत भार २० प्रतिशत भन्दा वढी भएको निर्माण कार्य लाभग्राही सामुदायवाट गराउन नसकिने उल्लेख छ ।पालिकाले सिंचाइ लिफ्ट लिफ्ट योजनाको लागत अनुमान रु.१,०१,६९,०९३।०० भएकोमा ९०.४६ प्रतिशत खरिद कार्य गर्नुपर्ने योजना उपभोक्ता समिति मार्फत कार्य गराई प्राविधिक मुल्यांकन रु.८९,१०,८५३।०० जनाई रु.८८,३३,७४१।०० भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | ८,८३३,७४१ |
| ५३ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ५३.१ | | | प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ५३.२ | | | लागत सहभागिता — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३.३ | | | हेभी इक्विपमेण्टको प्रयोग — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ५३.४ | | | जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, निर्माण, ग्रामीण विद्युतीकरण, लिफ्ट सिचाई जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र मार्फत प्रतिस्पर्धा गराउन पर्दछ । | |
| ५४ | १६ | २०७९-३-२५ | **कालिका मा वि घेरावार**<br>कालिका मा वि घेरावार सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भए अनुसार भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले कालिका माध्यमिक विद्यालयको घेरावार निर्माण गरि रु.९८१९६४।०० भुक्तानी भएकोमा सो कार्यको नापी किताव परिक्षण गर्दा excavation foundation ३४ meter रहेकोमा सोही परिमाणमा Dry stone गरेको नापी पेश भएको छ । सो मा Rubble massonary wall 1:6 थप गरी ८६ मिटर गरेको देखिएकोमा सो massonary wall तयार गर्न excavation foundation तथा soling गरेको नदेखिएको उक्त काम भएको हो भन्न सक्ने अस्थिति रहेन । सो सम्वन्धमा सोधपुछ गर्दा पुरानो पर्खात माथि थपेको जनाएकोमा सो सम्वन्धमा पुन एकिन गरि प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ५५ | | | **सफ्टवेयर खरिद** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५.१ | | | नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१९,७६,९३५.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागमा दर्ता एवं स्वीकृत लिएको नदेखिएको रु. | १,९७६,९३५ |

| भौ नं र मिति | सफ्टवेयरको विवरण | परामर्शदाता | भुक्तानी |
|---|---|---|---|
| २११।०७९।३।२५ | दर्ता चलानी सफ्टवेयर | Bux Byte Inc. | ४९०४२० |
| | सिफारिस सफ्टवेयर | Trade Max Company Pvt ltd | ४८९८५५ |
| ११७ | योजना सफ्टवेयर | राइज टेक प्राइभेट लि | ४९८३३० |
| ११८।०७९।१।१४ | राजस्व सफ्टवेयर | शक्त टेक्नोलोजी प्रा लि | ४९८३३० |
| | जम्मा | | १९७६९३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५.२ | | | लेखापरीक्षण अवधि सम्म उक्त सफ्टवेयरहरु प्रयोगमा संचालन भएको नदेखिएकोले उक्त सफ्टवेयर लाई पुर्ण रुपमा प्रयोगमा ल्याउनुपर्दछ । | |
| ५५.३ | | | सूचना प्रविधि प्रणाली खरिद गर्दा लागत अनुमान तयारी सोही अनुसार खरिद प्रकृया वमोजिम खरिद गर्नुपर्ने उल्लेख भएकोमा उक्त प्रविधिको लागत अनुमान तयार गरेको देखिएन । | |
| ५५.४ | | | सूचना प्रविधि प्रणाली खरिद गर्दा परामर्शदाताले उक्त सफ्टवेयरको तालिम प्रदान गरि कार्यालयलाई हस्तान्तरण गर्नुपर्दछ । पालिकाले खरिद गरेको सफ्टवेयर परामर्शदाताले तालिम समेत दिएको देखिएन । | |
| ५६ | | | **सामग्री खरिद तथा वितरण**<br>गाउँपालिकाले वडा नं ३ मा हिल टेक र ग्यास स्टोभ्स तथा सिलिण्डर लगायतका सेट वितरण गर्न रु.५६६६७१३।९३ लागत अनुमान भएको ३४० सेट सामग्री खरिद गरि रु.५२००४८६।०० भुक्तानी गरेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५६.१ | | | लागत अनुमान स्वीकृत नभएको : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र दफा ६ बमोजिम सार्वजनिक नियकाले लागत अनुमान स्वीकृत गर्नुपर्दछ । पालिकाले हिल टेक तथा ग्यास स्टोभ्स सेट लगायको सामग्रीको लागि तयार भएको खरिदको लागत अनुमान स्वीकृत भएको देखिएन । | |
| ५६.२ | | | निरीक्षण र स्वीकृतः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परिक्षण गर्नुपर्दछ । पालिकाले खरिद गरेको सामग्रीको प्राविधिक स्पेशिफिकेशन र गुणस्तर सप्लायर्स तथा उत्पादक कम्पनी तथा पालिकाले पनि चेकजाँच गरेको नदेखिएकोले खरिद गरेको सामान गुणस्तर तथा तोकिए अनुसार प्राप्त भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन ।यसरी गुणस्तर परीक्षण तथा स्पेशिफिकेशन प्रमाण वेगर भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | ५,२००,८४६ |
| ५६.३ | | | वितरणः पालिकाले ३४० सेट सामानमा खरिद गरेको ३४२ थान वितरण गरेको देखिएकोले खरिद भन्दा वढी वितरण भएको भरपाई पेश भएकोले पेश गरेको भरपाई विश्वसनिय देखिएन । | |
| ५६.४ | | | अनुत्पादक खर्च – सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा सामग्री खरिद तथा वितरण गरि अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । यस्तो प्रकृतिको खर्चले पालिकाको आर्थिक सामाजिक विकास हने नदेखिएकोले यस्तो प्रकृतिको खर्चमा नियमन्त्रण हुनुपर्दछ । | |
| ५७ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ५८ | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत के कति कट्टी गरेको हो सोको अभिलेख राखेको देखिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ६० | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ६१ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ६२ | | | **डीपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार आर्क एण्ड प्लानर्स एण्ड डेभलपर्सबाट रु. १९,६६,०३३। खर्च गरी प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ६३ | | | **एक घर एक हिलटंकी**<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले वडामा हिल ट्यांकी वितरण गर्न सिलवन्दी दरभाउपत्रवाट न्यू जि पी ट्रेडर्ससँग २२० थान ट्याङ्की खरिद गरि रु.१२७६०००।०० भुक्तानी गरेकोमा उक्त ट्याङ्की वितरण भएको भरपाई पेश नभएकोले वितरण भएको प्रमाण पेश हुनुपर्ने रु | १,२७६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **सामाजिक सुरक्षातर्फ** | |
| ६४.१ | | | सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका लाभग्राहीको लगत कट्टी गर्नुपर्ने, प्रत्येक वर्ष लाभग्राहीको परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बसाई सराई र मृत्यु भएका व्यक्तिहरुको विवरण तयार गरेको पाइएन । जसले गर्दा त्यस्ता व्यक्तिको नाम सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन । पालिकाले यस वर्ष सामाजिक सुरक्षामा रु.७,०१,७२,२३२।०० खर्च लेखेको छ | |
| ६४.२ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । तोकिएको अवधि भित्र प्रविष्टि गरेको देखिएन। | |
| ६४.३ | | | विवरण पेश तथा समिक्षाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानिय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण गाउँ/नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । | |
| ६४.४ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानिय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानिय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । **सार्वजनिक सुनुवाईः**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| ६४.५ | | | सञ्चित कोष दाखिला गर्नुपर्नेः- सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले दिएको विवरण अनुसार खर्च ग्लोबल आइ एम ई बैंकमा लाभग्राहीलाई वितरण गरी बाँकी रहको रु.५८६३२।०० संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने गर्नुपर्ने रू. | ५८,६३२ |
| ६५ | | | **तातोपानी गाउपालिका सामाजिक विकास मन्त्रालयतर्फ**<br>पालिकाले आर्थिक वर्ष २०७७।७८ मा अग्रिम रकम भुक्तानी पश्चात १३-१५ हप्ता भित्र एम्वुलेन्स उपलव्ध गराउने गरी अग्रि इन्कर्पोरेटेड प्रा.लि.सँग खरिद सम्झौता गरी रु.९,७०,०००।- भुक्तानी दिएकोमा हालको लेखापरीक्षण (२०७९ भाद्र) अवधिसम्म पनि सम्झौता वमोजिम एम्बुलेन्स उपलव्ध गराएको देखिएन ।सम्झौता वमोजिम एम्वुलेन्स आपूर्ति नगर्ने आपूर्तिकर्तासंग भएको संझौता रद्ध गरी अग्रिम भुक्तानी रकम व्याजसहित असुल गर्नु पर्ने रु.... | ९७०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण पेश नभई<br><br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br><br>
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td>११०५५५</td><td>०</td><td>८६५४५</td><td>०</td><td>१९७१००</td></tr>
</table>
</td><td></td></tr>
</table>

https://nams.oag.gov.np